STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ कार्तिक १५ गते सोमबार ❑ 1 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## बेलायत नेपालको सबैभन्दा पुरानो मित्र हो : प्रधानमन्त्री देउवा

**रासस**
**काठमाडौं, १४ कार्तिक**

प्रधानमन्त्री शेरबहादुर देउवाले संयुक्त अधिराज्य बेलायत नेपालको सबैभन्दा पुरानो मित्र भएको र द्विपक्षीय सम्बन्ध स्थापना भएदेखि नै आपसी सम्बन्ध मित्रता, सद्भाव र पारस्परिक विश्वासको आधारमा कायम रहँदै आएको धारणा व्यक्त गर्नुभएको छ।

नेपालका लागि सर्वदलीय संसदीय समूह (एपिपिजी-एन) र बेलायत-नेपाल व्यापार तथा लगानी मञ्चले शनिबार साँझ आयोजना गरेको स्वागत समारोहलाई सम्बोधन गर्दै उहाँले ब्रिटिश गोर्खाहरूको लामो समयदेखिको योगदानले सम्बन्धको अर्को महत्वपूर्ण कडीको रूपमा काम गरेको उल्लेख गर्नुभयो। यी सम्बन्धलाई थप सुमधुर बनाउन दुवै देशका संसदहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै उहाँले सर्वदलीय समूहले निर्वाह गरेको भूमिकाप्रति आभार व्यक्त गर्नुभयो।

प्रधानमन्त्री देउवाले दुई देशका संसद्बीचको विद्यमान सम्बन्धलाई अझ प्रगाढ बनाउन संसदीय प्रतिनिधिमण्डलको भ्रमणलाई निरन्तर र नियमित गर्न आग्रहसमेत गर्नुभयो। उहाँले भन्नुभयो,"संसदीय लोकतन्त्रमा साझा विश्वास नेपाल र बेलायतबीचको घनिष्ठ सम्बन्धको आधारभूत पक्ष हो, नेपालप्रति समर्पित संसदीय निकायका रूपमा, समूहले यी सम्बन्धलाई प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। बेलायती संसद्लाई बेलायती लोकतन्त्रको संस्थाको रूपमा मात्र नभई बहुदलीय प्रजातन्त्र र मौलिक स्वतन्त्रताको प्रतीकको रूपमा पनि प्रशंसा गरिन्छ।"

नेपालको प्रजातन्त्रले आफ्नो लोकतान्त्रिक संस्थाको जग बलियो बनाउन इमान्दार प्रयास गरिरहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले प्रजातन्त्र र स्वतन्त्रताका लागि लामो सङ्घर्ष गर्नुपरेको बताउनुभयो। प्रजातन्त्र र स्वतन्त्रताका लागि आफूले दशकौंदेखि कडा सङ्घर्ष गरेकाले प्रजातन्त्र र स्वतन्त्रता आफूलाई प्यारो भएको उहाँको भनाइ थियो। "संसदीय लोकतन्त्र, आवधिक निर्वाचन, समावेशी प्रतिनिधित्व, विधिको शासन, स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन तथा राजनीतिक शक्तिको शान्तिपूर्ण हस्तान्तरणका प्रमुख विशेषतालाई सुदृढ गर्ने संविधान हो" प्रधानमन्त्री देउवाले उल्लेख गर्नुभयो। नेपालको संविधानले सङ्घीय संसद् र प्रदेशसभामा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिला प्रतिनिधित्वको प्रत्याभूति गरेको जानकारी दिँदै उहाँले अहिले सबै निर्वाचित निकायमा ४१ प्रतिशत महिलाको प्रतिनिधित्व रहेको बताउनुभयो। लोकतन्त्रले जनताको सामाजिक र आर्थिक विकासको आकांक्षा पूरा गर्नुपर्छ भन्ने कुरामा ध्यान दिन जरुरी रहेको बताउँदै प्रधानमन्त्री देउवाले नेपालजस्तो मुलुकका लागि आर्थिक विकास गर्न स्रोतसाधनको कमी ठूलो चुनौती भएको र त्यसमाथि कोभिड-१९को महामारीले विकास गर्ने आफूहरूको क्षमतालाई थप बाधा पुऱ्याएको धारणा व्यक्त गर्नुभयो।

बेलायतको संसद्मा विभिन्न अवसरमा नेपालप्रति व्यक्त गरिएको सद्भाव र ऐक्यबद्धताबाट आफू उत्साहित भएको बताउँदै उहाँले कोभिड सङ्कटको समयमा बेलायती सांसदहरूले नेपालको सहयोगका लागि गरेका कार्यहरू र ऐक्यबद्धताका लागि धन्यवाद दिनुभयो। समारोहमा समूहका अध्यक्ष वीरेन्द्र शर्मा, उपाध्यक्ष तथा मञ्चका अध्यक्ष लर्ड शेख, लर्ड ल्यान्कास्टर, सांसद क्याथरिनलगायतले सम्बोधन गर्दै द्विपक्षीय सम्बन्धबारे चर्चा गर्नुभएको थियो। प्रधानमन्त्री देउवा सोमबार र मङ्गलबासर ग्लास्गोमा हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय खाका संरचना महासन्धिको पक्षराष्ट्रको २६औँ सम्मेलन (कोप-२६) अन्तर्गत विश्व नेताहरूको शिखर सम्मेलनमा भागलिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै शुक्रबार राति यहाँ आइपुग्नुभएको हो।

आइतबार बिहान भूतपूर्व गोर्खा सङ्गठनका प्रतिनिधिले प्रधानमन्त्री देउवासँग भेट्ने र लण्डनस्थित नेपाली दूतावासले उहाँको सम्मानमा आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुनुहुने कार्यक्रम छ। आइतबार साँझ उहाँ स्कटल्याण्डको एडिनबरा हुँदै ग्लास्गो प्रस्थान गर्नुहुनेछ।

## राज्यको मुल बजेट उत्पादनमै केन्द्रित हुनुपर्छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले राज्यको मुल बजेट नै उत्पादनमा केन्द्रित हुनुपर्ने बताउनु भएको छ। नेपाल कम्युनिष्ट पार्टी माओबादी केन्द्र माछापुच्छ्रे गाउँ कमिटि वडा नम्बर ३ को शुभकामना आदान प्रदान तथा स्वागत एवं सम्मान कार्यक्रममा आइतबार बोल्दै उक्त कुरा बताउनु भएको हो।

उहाँले भन्नु भयो "हामीले आत्मनिर्भर अर्थ बनाउने कुरा, स्वाभलम्बि बन्ने कुर ासंगै सुखि बन्ने कुरा गरे पनि बास्तवमा देशको मुल बजेट नै उत्पादनमा केन्द्रित गर्न नसके विदेशबाट कमायर ल्याएको रेमिट्यान्स बस्तु खरिदमै बाहिरिने छ।" नेपाल कृषि प्रधान देश भएको नाताले कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र बस्ती उत्पादमना बृद्धि गर्न नसके विदेशबाट कमाई ल्याएको पैसा बस्तु खरिदमा पुनः विदेशी जाने मन्त्री बरालको चिन्ता थियो।

आफ्नो निर्वाचन क्षेत्रमा गरिएको पन्चे बाजा सहितको भव्य स्वागत तथा सम्मानले आफ्नो निर्वाचन क्षेत्रमा स्थानिय जनताको जीवनस्तरमा बृद्धि विकास हुने गरी आवश्यकताको आधारमा केही न केही सहयोग गर्ने मन्त्री बरालले वचन दिनु भयो। नेकपा माओबादी केन्द्र गण्डकी प्रदेशका सचिवालय सदस्य समेत रहनु भएको मन्त्री बरालले माओबादीले नेपाली जनताको शिर झुकाउने कुनै काम नगरेको दाबी गर्नु भयो।

नेकपा माओबादी केन्द्र कास्कीका संयोजक बखानसिंह तमुले कम्यूनिष्ट पार्टीलाई स्वदेशी तथा विदेशी शक्ति लागेर विभाजन गरेको दाबी गनु भयो। माओबादी शक्ति निर्णायक शक्तिको रुपमा रहेको उहाँले बताउनु भयो। माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष सुर्यप्रसाद लम्सालले घाचोकमा पर्यटन चक्रपथ मार्ग निर्माणको लागि आवश्वक बजेटको जोहो गर्नुपर्ने बताउनु भयो। कागेंसका वडा कमिटि सभापति कृष्णकुमार श्रेष्ठले बाढी पहिरोबाट प्रभावित भएकाहरुलाई सवै मिलेर उचित राहत उपलब्ध गराउनुपर्नेमा जोड दिनु भयो। माओबादी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरा विश्वविद्यालयमा 'रिसर्च टक'

**पोखरापत्र संवाददाता**
**गण्डकी, १४ कार्तिक**

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रले पोखरा विश्वविद्यालय स्वास्थ्य विज्ञान सङ्काय र स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्सेजसँगको सहकार्यमा'रिसर्च टक' कार्यक्रम सुरु गरेको छ।

विश्वविद्यालयको अनुसन्धान गतिविधिलाई अधिकतम व्यावहारिक र उपयोगी तुल्याउँदै गुणस्तरीय शिक्षाका लागि पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रले रिसर्च टक कार्यक्रम थालेको हो। हरेक महिना विभिन्न शीर्षकमा 'रिसर्च टक' कार्यक्रमलाई निरन्तरता दिइने विश्वविद्यलायले जनाएको छ। कार्यक्रमको शुभारम्भका अवसरमा विश्वविद्यलायका उपकुलपति प्रा डाप्रेमनारायणअर्याललेविश्वविद्यालयमा अनुसन्धान गतिविधि सँगसँगै पठनपाठन नहुँदासम्म शिक्षाको गुणस्तरीयता नहुने बताउँदै र त्यसबाट देशको योजनाबद्ध विकासका लागि जनशक्ति तयार गर्न नसकिने बताउनुभयो। पोखरा विश्वविद्यालयलाई अग्रणी विश्वविद्यालयका रूपमा स्थापित गर्न अनुसन्धान तथा नवीनतम् सोच आवश्यक रहेको बताउँदै उहाँले प्राध्यापक अनुसन्धानतर्फ लाग्नुपर्ने र विश्वविद्यालयले आवश्यक साधन, स्रोत तथा सहयोग जुटाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

ट्रान्सप्लान्ट सर्जरी, क्यालिफोर्निया विश्वविद्यालय, सान फ्रान्सिस्को अमेरिकाको शल्यक्रिया विभागका सहप्राध्यापक डा तारा सिग्देलले 'रिसर्च एण्ड इनोभेशन इन हाइअर एजुकेशन-एन इलुसिभ बट क्रिटिकल कम्पोनेन्ट ईन पोष्ट कोभिड इरा' शीर्षकमा प्रस्तुतीकरण गर्नुभएको थियो।

उहाँले बायोइन्फरमेटिक्स, बायोमार्कर डिसकभरी, हाई थ्रोपुट डाटा, इमुनोलोजी, किड्नी ट्रान्सप्लान्टेशन, लिभर क्यान्सर, अर्गान ट्रान्सप्लान्टेशन, प्रोटियोमिक्सका बारेमा आफ्ना भनाइ राख्नुभयो। कार्यक्रममा रजिष्ट्रार डा दीपकबहादुर भण्डारीलगायत विभिन्न सङ्कायका डीन तथा स्वास्थ्य विज्ञान सङ्काय र स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्सेजका प्राध्यापक, पदाधिकारी आदिको उपस्थिति थियो।

## 'शिक्षा क्षेत्रका समस्या समाधान गर्छौं'

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ कार्तिक**

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षा क्षेत्रमा लामो समयदेखि गाँजिएर रहेका समस्या एकपछि अर्को गर्दै हल गरिने बताउनुभएको छ।

नेकपा (माओवादी केन्द्र) निसीखोला गाउँपालिकाले चाडबाडका अवसरमा आज आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले अस्थायी र करार शिक्षकको व्यवस्थापन तथा दरबन्दी मिलानलगायत अल्झेर बसेका शिक्षा क्षेत्रका कामलाई अगाडि बढाइने बताउनुभएको हो। "शिक्षा क्षेत्रमा चुनौतीको थुप्रो छ, ४०औँ वर्षदेखि समस्याहरू गाँजिएर रहेका छन्, तिनलाई क्रमशः हल गरिनेछ", उहाँले भन्नुभयो, "अर्थ मन्त्रालय र प्रधानमन्त्री कार्यालयसँग पनि यस विषयमा छलफल भएको छ, अब लगत्तै काम सुरु हुन्छ।"

मन्त्री पाडैलले अस्थायी शिक्षकका जायज मागलाई नीति र विधिगत प्रबन्धमार्फत सम्बोधन गरिने भन्दै शिक्षक दरबन्दी मिलानको काम सुरु भइसकेको बताउनुभयो। कार्यभार सम्हालेपछिको पहिलो फाइल दरबन्दी मिलानकै सदर गरेको उहाँले जानकारी दिनुभयो। "एकातिर शिक्षकको दरबन्दी अभाव र अर्कोतिर अस्थायी शिक्षकको समस्या यो अवस्थाको अन्त्य गर्न मन्त्रालयले काम अगाडि बढाएको छ", मन्त्री पौडेलले भन्नुभयो।

विशिष्ट परिस्थितिमा आफू मन्त्रालयको नेतृत्वमा आइपुगेको भन्दै उहाँले आफ्नो कार्यकाल शिक्षा क्षेत्रको सुधारमा खर्चने धारणा राख्नुभयो।

मन्त्री पौडेलले शैक्षिक पूर्वाधार विकास र विद्यालय भवन पुनर्निर्माणको कामलाई पनि निरन्तरता दिइने बताउनुभयो। उहाँले अन्तरमन्त्रालय समन्वय गरेर जिल्लाको विकास, निर्माणमा पनि यथाशक्य भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाउनुभयो।



# निकेन बने च्याम्पियन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**

अन्तर वडास्तरिय वडाध्यक्ष कप रेपिड चेस टुर्नामेन्टमा भक्तपुर नगरपालिका वडा नं ६ का युवा खेलाडी निकेन कुसाथा च्याम्पियन बने।

स्वीसलिग ९ चरणको खेलमा निकेनले ६ जीत र ३ बराबरी खेलेर साढे सात अंक जोडेका थिए । उनले आकर्षक कपसहित नगद १५ हजार र प्याराग्लाइडिङ्ग प्याकेज हात पारे । माइन्ड फ्रेस चेस क्लब, पोखरा मनपा-१७ द्वारा आयोजित प्रतियोगितामा समान ७ अंक भएपनि प्रोग्रेसिव टाइब्रेकमा




हेटौडा उपमनपा-१ का कृष्ण थापा दोश्रो, काठमाडौं मनपा-२५ का पूर्व नेपाल च्याम्पियन बद्रिलाल नेपाली तेश्रो, रौतहटका फिडेमास्टर रुपेश जैसवाल चौथौं, स्याङ्जाका युवराज पौडेल पाँचौं र काठमाडौंका युवा खेलाडी पुरुषोत्तम सिलवाल छैटौं भए । त्यसैगरी पोखराका रामबहादुर क्षेत्री सातौं, पोखराकै महेश्वर अधिकारी आठौं, भक्तपुरका जगन्नाथ ताम्राकार नवौं र दमकका जीवन मैनाली दशौं भए। उनीहरुले जनही एक हजार नगद हात पारे।

छोरेपाटन माबिको हलमा संचालित प्रतियोगितामा भक्तपुरका गणेशमान दुवाल उत्कृष्ठ भेट्रान र पोखराका बिनोद नाल्मी अनरेटेडतर्फ उत्कृष्ठ घोषित भए । उनीहरुले जनही नगद २ हजार प्राप्त गरे । ३ दिने प्रतियोगितामा १५ जिल्लाका विभिन्न वडाबाट ७६ जना खेलाडीहरु सहभागी थिए।

# दुई दिने प्रशनपत्र निर्माणसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**

एन प्याब्सन कास्कीको आयोजनामा स्तरीकृत प्रश्नपत्र निर्माणसम्बन्धी दुई दिवसीय कार्यशाला गोष्ठी समापन भएको छ।

राष्ट्रिय परीक्षा वोर्ड परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेश, पोखराको समन्वयमा भएको उक्त गोष्ठी एन प्याब्सनमा आवद्ध विद्यालयका अग्रेजी, गणित र विज्ञान विषयका शिक्षक गरी १ सय २० जनाको सहभागिता रहेको एन प्याब्सन परीक्षा उपसमितिका कार्यवहाक संयोजक सञ्जय पौडेलले जानकारी दिनुभयो । गोष्ठीको सहजीकरण डा.वेदप्रसाद ढकाल, रमेश भट्टराई, शान्ताराम लामिछाने र बामदेव पौडेलले गर्नुभएको



थियो। कार्यक्रममा राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख विष्णुनारायण श्रेष्ठ र एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीले कार्यशाला गोष्ठीमा सहभागिलाई प्रमाण पत्र वितरण गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै राष्ट्रिय परीक्षा वोर्ड गण्डकी प्रदेशका प्रमुख श्रेष्ठले दुई दिने गोष्ठीले आगामी दिनमा हुने परीक्षा प्रणाली अझै स्तरीय हुने विश्वास व्यक्त गर्नुभयो । एन प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा सदस्य शिवराज पौडेल, प्रशिक्षक डा.वेदप्रसाद ढकाल, गोष्ठीमा सहभागीको तर्फबाट हिलसाइड वोर्डिङ स्कूलकी आरती सुवेदी, रत्नज्योति माविकी जमुना अधिकारी, अल्फा एकेडेमीका कृष्णप्रसाद धितालले बोल्नुभएको थियो।

# 'दोहोरी च्याम्पियन'को उपाधि प्रकाश र मीनालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**

नेपाल टेलिभिजनको आयोजनामा सञ्चालित 'पहिलो दोहोरी च्याम्पियन'को उपाधि प्रकाश पराजुली र मीना बुढाथोकीको जोडीले उचालेको छ।

पोखरास्थित फेवाताल किनारमा शनिबार साँझ सम्पन्न 'फाइनल' सो जोडीले उपाधिसहित रु २० लाख र रु एक करोड बराबरको जीवन बिमा पुरस्कार प्राप्त गर्न सफल हुनुभयो। यसैगरी बालचन्द्र बराल र शोभा कार्कीको जोडी द्वितीय घोषित हुनुभयो। उहाँहरूले रु १० लाख र रु ५० लाखको बिमा पुस्कार पाउनुभयो । सविन आचार्य र रीता रावतको जोडी तृतीय बन्दै रु तीन लाख पुरस्कार पाउनुभयो भने राजेन्द्र पाठक र मीना नेपालको जोडीले सान्त्वना स्थान हासिल गरेर रु दुई लाख पुरस्कार पाउनुभयो। प्रतियोगितामा विजयी कलाकारलाई गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल, नेपाल टेलिभिजनकामहाप्रबन्धकफूलमान बललगायतले पुरस्कार वितरण गर्नुभएको थियो । प्रतियोगिताको निर्णायकमा वरिष्ठ लोकगायक प्रजापति पराजुली, गायिका सीता थापा, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष रहनुभएका गीतकार रमेश बिजी र गायक तथा गीतकार चन्द्र शर्मा हुनुहुन्थ्यो। नेपाल टेलिभिजनमार्फत हरेक हप्ताको शनिबार दोहोरी च्याम्पियन कार्यक्रम प्रसारण हुँदै आएको थियो।

देशभरबाट डिजिटल अडिशनबाट छनोट भएकामध्ये ३५ समूहको फिजिकल अडिशन हुँदै उत्कृष्ट २४ समूह छनोट गरिएको थियो । उत्कृष्ट २४ समूहबीच प्रतिस्पर्धा हुँदै 'दोहोरी च्याम्पियन' फिनालेसम्म पुगेको आयोजकले जनाएको छ।

# नेपालले लेबनानसँग पराजित

**रासस**
**काठमाडौं, १४ कार्तिक**

एएफसी यू-२३ एसियन कप छनोटको अन्तिम खेलमा नेपाल लेबनानसँग पराजित भएको छ । ताजिकिस्तानको रिपब्लिकन सेन्ट्रल स्टेडियममा आइतबार भएको खेलमा नेपाल लेबनानसँग ४-० गोल अन्तरले पराजित भएको हो। लेबनानलाई जित दिलाउन जेइन फरानले दुई गोल गरे भने मोहमद नासिर र मोहमद हेइदरले एक/एक गोल गरे।

खेलको २६औं मिनेटमा फरानले गोल गर्दै लेबनानलाई सुरुआती अग्रता दिलाए । खेलको ४७औं मिनेटमा फरानले व्यक्तिगत दोस्रो गोल गर्दै लेबनानलाई २-० को अग्रता दिलाए । खेलको ७४औं मिनेटमा मोहमद नासिरले गोल गर्दा लेबनान ३-० ले अघि रह्यो । त्यसपछि खेलको ८२औं मिनेटमा हेइदरले गोल गर्दै लेबनानलाई ४-० को जित दिलाए। प्रतियोगितामा नेपाल जितविहीन रह्यो। समूह बी मा रहेको नेपालले पहिलो खेलमा इरानसँग ४-० गोल अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा ताजिकिस्तानसँग ६-० गोल अन्तरले पराजित भएको थियो । नेपाल समूहको पुछारमा रह्यो। लेबनान ३ अङ्क जोडेर तेस्रो स्थानमा रह्यो। यस समूहमा ६ अङ्क जोडेको ताजिकिस्तान शीर्ष स्थानमा रहेको छ भने समान ६ अङ्क नै रहेको इरान दोस्रो स्थानमा रहेको छ । ताजिकिस्तान र इरानबीचको खेल आजै हुनेछ । यस समूहको शीर्ष टोलीले एएफसी यू-२३ एसियन कप खेल्नेछन् । यस्तै दोस्रो टोली मध्ये उत्कृष्ट चार टोली पनि यू-२३ एसियन कपमा छनोट हुनेछन्।

# बलिउड चलचित्र 'उचाइ'को नेपाल छायाङ्कन सकियो

**रासस**
**मनाङ, १४ कार्तिक**

बलिउड चलचित्र 'उचाई'को नेपालको छायाङ्कन सकिएको छ। नेपालमा २५ दिनको छायाङ्कन सकेर बलिउड फिल्म 'उचाई'ले नेपालको छायाङ्कन तालिका सकाएको छ।

दुई दिन काठमाडौं र बाँकी समय हिमाली जिल्लामा छायाङ्कन भएको फिल्मले २८ अक्टोबरमा नेपाल सेड्युल पूरा गरेको हो। खोटाङको नाम्चेदेखि मनाङका विभिन्न ठाउँमा छायाङ्कन गरिएको चलचित्रको शुक्रबार पहिलो तालिकाअन्तर्गतको छायाङ्कन सकिएको छ भने दोस्रो भारतका विभिन्न स्थानमा हुने राजश्री प्रोडक्सनले जनाएको छ।

उक्त प्रोडक्सनले निर्माण गरेको चलचित्रको छायाङ्कन नेपालमा ४ अक्टोबरबाट सुरु



भएको थियो । काठमाडौंमा ह्यात होटल र एयरपोर्टमा केही दृश्य खिचेर टोली नाम्चे लागेको थियो।सुरजवाडजात्याद्वारानिर्देशित चलचित्रमा अनुपम खेर, वमन इरानी, निना गुप्ता, सारिका हसन, परिणिती चोपडालगायत कलाकारले नेपाल आएर छायाङ्कन गरिएको थियो।

चलचित्रमा अमिताभ बच्चन भए तापनि स्वास्थ्यका कारण उहाँ नेपाल आउन नसकेपछि उहाँको बडी डबललाई राखेर छायाङ्कन गरिएको थियो। चलचित्रका निर्माण टोलीका केही सदस्य अहिले पनि मनाङमै छन् भने केही काठमाडौं फर्किसकेका छन्। चलचित्रको मुख्य टोली शनिबार एयर इण्डियाको विमानमार्फत भारत फर्किएको छ।

# प्राज्ञ सरुभक्तलाई मुक्तक सागर सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**

साहित्यको आकर्षक विधा मुक्तकको विकासमा क्रियाशील मुक्तक मञ्च केन्द्रीय समिति पोखरा र 'मुक्तक सागर' त्रैमासिक पत्रिकाले संयुक्तरूपमा मुक्तक सागर सम्मान सरुभक्तलाई अर्पण गरेको छ।

पोखरामा शनिबार आयोजित कार्यक्रममा मुक्तक सागरका तर्फबाट पत्रिकाकी सम्पादक निशा केसीले उक्त सम्मान अर्पण गर्नुभएको हो । सम्मानित स्रष्टा एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तले मुक्तकसम्बन्धी विस्तृत विमर्श गर्ने समय आइसकेको उल्लेख गर्नुभयो।

उहाँले मुक्तकको उन्नयन र विकासमा 'मुक्तक सागर'



साहित्यिक त्रैमासिक पत्रिकाले निरन्तर खेलेको भूमिकाको चर्चा गर्नुभयो।

कार्यक्रममा कवि रमेश श्रेष्ठ, पोखरा महानगर प्राज्ञ सरसस्वी श्रेष्ठ सरु र मञ्चका सल्लाहकार तथा साहित्यकार दीपक समिप, मुक्तक मञ्चका अध्यक्ष रामजीप्रसाद आचार्य, सम्पादक केसी, प्रकाश अधिकारी लगायतले मुक्तक विधाको चर्चाका साथै सम्मानित व्यक्तित्व सरुभक्तको मुक्तक र साहित्यिक योगदानबारे प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा अल्पविराम, वसन्त गौतम, ईश्वरमणि अधिकारी, भूमिराज बस्ताकोटी, दीपक समिप, रुपिन्द्र प्रभावी, शीतल गिरी, कपिल शर्मा, गीता तिवारी, अम्बिका भण्डारी, कृष्ण सुवेदी, सरोज पौडेल, अमृता पोखरेल, शङ्कर ज्ञावलीलगायत दर्जन बढी मुक्तककारले आफ्ना मुक्तक प्रस्तुत गर्नुभएको थियो।

# पाटनवेशी टोल विकास संस्थाको अध्यक्षमा बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ कार्तिक**

पोखरा महानगरपालिका वडा नं १३ स्थित पाटनवेशी टोल विकास संस्थाको १४ औ वार्षिक साधारण सभा तथा छैठौ अधिवेशनले रवि बरालको अध्यक्षमा नायाँ कार्यसमिति चयन गरेको छ।

शनिवार भएको अधिवेशनले संस्थाको वरिष्ठ उपाध्यक्षमा भीम केसी, द्धित्तिय उपाध्यक्ष



रामचन्द्र वराल, तृत्तिय उपाध्यक्षमा शिवप्रसाद वराल, सचिवमा टीकाकुमारी भण्डारी, सहसचिवमा प्रकाश ढकाल, कोषाध्यक्ष दुर्गा परियार, सह- कोषाध्यक्षमा भिम बहादुर थापा मगर चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश सदस्य लक्ष्मी बराल, सूर्यनाथ बराल, केशवराज गौतम, सोमनाथ दाहाल, श्याम गुरुङ, दीपेन्द्र श्रेष्ठ, मनोजकृष्ण बराल, चन्द्रा बराल, विना गुरुङ, शारदा देवकोटा, होमनाथ सापकोटा, रीता सुवेदी र अमृत भट्टराई रहेका छन्।

# राज्यको...

केन्द्र माछापुच्छ्रे गाउँ कमिटि वडा नम्बर ३ का अध्यक्ष गोपाल पोखेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा माओबादी कास्कीका सदस्यहरु प्रविणा अधिकारी, भिमबहादुर बि.क.( क्षितिज), माओबादी माछापुच्छ्रे गाउँकमिटिका अध्यक्ष बैकुण्ठ भण्डारी, स्थानिय रविलाल पोखरेल, माछापुँच्छ्रेका पुर्व गाविस अध्यक्ष विशेश्वर प्रसाद लम्साल, पार्टीका गाउँकमिटिका सल्लाहकार चित्रनाथ लम्साल, उपाध्यक्ष नारायण दवाडी, सचिव पदम नेपाल लगायतले वोलेका थिए । स्थानिय आमा समुह सहितका विभिन्न व्यक्तिहरुले मन्त्री बराललाई पन्चे बाजा सहित फुलमाला लगायर स्वागत तथा सम्मान गरेका थिए । उक्त अवसरमा माओबादीमा प्रबेश गरेकालाई मन्त्री बराल, अध्यक्ष पोखरेल सहितको टोलीले अविर तथा फुल माला लगायर स्वागत गरिएको थियो।

पार्टी प्रबेश गर्नेहरुमा जीवन नेपाली, दुर्गा मिजार, पूर्ण नेपाली, हरी माया नेपाली, टेक बहदुर नेपाली, डम्बर नेपाली, अर्जुन नेपाली, बिष्णु नेपाली, राजकुमार नेपाली, लक्ष्मी नेपाली, मन कुमार नेपाली, सुन कुमारी नेपाली, सरस्वती नेपाली, तिल कुमारी नेपाली रहेका छन। त्यसै गरी माओबादीमा प्रबेश गर्नहरुमा शान्ति नेपाली, आसा नेपाली, समुन्द्र नेपाली, राजेस नेपाली, सुस्मीता नेपाली, ओम नेपाली, शोभा नेपाली, विर नेपाली, गोविन्द पोखरेल, केसवराज पोखरेल, बिष्णु प्रसाद पोखरेल लगातका रहेको सचिव नेपालले जनाए।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोंपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक। - शेखसादी

## सम्पादकीय

# पानीमाथिको ओभानो

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शंशेर जवराको राजिनामा माग गर्दै नेपाल वार एशोशिएसन आन्दोलनमा उत्रेको छ। सर्वोच्चका न्यायाधीशहरूले प्रधानन्यायाधीश राणाको राजिनामाको माग गर्दै इजलास बहिष्कार गरेका छन। न्यायाधीशहरूको आन्दोलनलाई नेपाल वार एशोशिएसन लगायत नागरिक समाजले समर्थन जनाएका छन । अदालतमा देखिएका तमाम बिक्रिति र विसंगतिलाई प्रधानन्यायाधीश राणाले जन्माएको र हुर्काएको दोष थोपारिएको छ। मन नपर्नेको श्वास गन्हाउँछ भने जस्तै अरु न्यायाधीश ईमान्दार, सक्षम, निष्पक्ष र न्यायिक मन भएका जस्तो रुपमा देखाउन खोजिएको छावकिल साह्रै इमानदारीपूर्वक न्यायका पक्षपाती भएको देखाउने प्रयास भएको छ। पूर्वराष्ट्रपति डा.रामवरण यादवले न्यायालयमा देखिएको समस्या समाधान गर्न नसकेको भन्दै सरकारको आलोचना गरेका छन्।

पूर्वराष्ट्रपति यादवले न्यायालय विवादमा फसेको बेला प्रधानमन्त्री शेरबहादुर देउवा बेलायत भ्रमणमा निस्किएर राष्ट्रकै बेइज्जत गरेको टिप्पणी समेत गरे। आफू पदमा रहँदा संविधानविपरीत चल्न खोजेको आरोप खेपेकाहरुले शुद्धताको गफ दिने अवस्था आएको छ। 'विपी विचार, नीति र व्यवहार' नामक पुस्तकको आइतवार काठमाडौंमा विमोचन गर्दै न्यायका प्रतिष्ठित व्यक्तिहरू, कानुनविद्हरूसँग सल्लाह गरेर न्यायालयमा देखिएको समस्या समाधान गर्नु पर्दैन ? भनेर सरकारलाई प्रश्न गरे।

कानुन मन्त्री यो समस्या समाधान गर्न सक्दैनन् भन्दै पूर्व राष्ट्रपति यादवले न्यायालय बेहाल अवस्थामा रहेका बेला प्रधानमन्त्री देउवाले बेलायत भ्रमण गरेर नेपालको शिर निहुँर्‍याएको आरोप लगाएका छन । उनले सारा न्यायाधीशहरू, नेपाल वार, कानुनविद्हरू एक ठाउँमा रहेका बेला पनि राजीनामा दिन्न भनेर प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले कसको आडमा भनेको भनेर सरकार र राजनीतिक दलहरुमाथि प्रश्न गरे। उनले भने,'न्यायालयमा सारा न्यायाधीशहरू, बुद्धिजीवीहरू एकातिर छन्।

संविधानविद्हरु, कानुनविद्हरु एकातिर छन्। यस्तो अवस्थामा प्रधानन्यायाधीश भन्छन् कि म छोडदिन। केही नभएपनि एक्लै बेञ्चमा बस्छन्। कसको तागतमा ?' सरकारले न्यायका प्रतिष्ठित व्यक्तिहरू, कानुनविद्हरूसँग सल्लाह गरेर ती समस्यालाई हल गर्नुपर्छ। पूर्वराष्ट्रपति यादवले राष्ट्रपति विद्यादेवी भण्डारीको भूमिकाप्रति असन्तुष्टि जनाए। संविधानमा नभएको संसद भंग गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णयमा राष्ट्रपति भण्डारीले साथ दिएकोमा असन्तुष्टि व्यक्त गरे। आफुमात्र ईमान्दार देख्ने रोगबाट मुक्त नभएकोले पार्टीमा विवाददेखि यादवले संविधानको कार्यान्वयन गर्न दलहरू गम्भीर नभएकोमा चिन्ता व्यक्त गरेका छन। जुन कुरा उनको पालामा कति चलखेल भएको थियो भन्ने खुल्दै जान थालेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : मन चञ्चल | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# आलुमा आत्मनिर्भर बनाउने प्रयास

**पोखरापत्र संवाददाता**
**तनहुँ, १४ कार्तिक**

गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउने प्रयास थालिएको छ। त्यसका लागि गाउँपालिकाले कृषकलाई बीउ वितरण सुरु गरेको छ। निर्वाहमुखी खेती गर्दै आइरहेका कृषकलाई व्यावसायिक बनाउँदै गाउँपालिकालाई आलुमा आत्मनिर्भर गराउन कृषकलाई बीउ वितरण थालिएको हो।

गाउँपालिकाले दस हजार किलो आलुको बीउ खरिद गरी कृषक, सहकारी, समूहलाई अनुदानमा वितरण थालेको अध्यक्ष थापाले जानकारी दिनुभयो। उहाँका अनुसार ५० प्रतिशत अनुदानमा आलुको बीउ वितरण गरिएको छ।

गाउँपालिकाले प्रतिकिलो रु ५४ का दरले आलुको बीउ खरिद गरी ल्याएको छ। गाउँपालिकाका ६ वटै वडामा कृषकलाई बीउ वितरण गरिनेछ। "कृषकले निर्वाहमुखी रूपमा आलु खेती गर्दै आइरहेका छन्, त्यसलाई व्यावसायिक बनाउँदै गाउँपालिकालाई आलुमा आत्मनिर्भर बनाउने सोच लिएका छौं," उहाँले भन्नुभयो, "सबै वडाका कृषकलाई प्राथमिकताका आधारमा बीउ वितरण गर्छौं।"

गाउँपालिकाले गत वर्ष पनि आलुको बीउ वितरण गरेको थियो। त्यसबेला ढिला खरिद गर्दा मूल्य महँगो परेको थियो। अहिले बेलैमा खरिद गरेकाले सुलभ मूल्यमा बीउ पाइएको थापाले बताउनुभयो। गाउँपालिकाले प्याज, तोरी लगायतका बीउ पनि कृषकलाई वितरणको तयारी गरेको छ। "समग्र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेका छौं, निर्वाहमुखी खेती गर्नेलाई कृषकको जीवनस्तर उकास्ने प्रयासमा छौं", अध्यक्ष थापाले भन्नुभयो। हिउँदमा चक्लाबन्दी खेतीका लागि प्याजको बीउ वितरण गरिनेछ।

# आन्तरिक पर्यटकले बढ्यो रुप्सेको रौनक

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ कार्तिक**

उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दाना क्षेत्रको अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने अत्यन्त आकर्षकस्थल रुप्से झरनामा रमाउन आउने आन्तरिक पर्यटकका कारण झरनाको रौनक बढ्दै गएको छ।

बेनी-जोमसोम-कोरला सडकखण्ड (कालीगण्डकी करिडोर) अन्तर्गत पर्ने रुप्से झरनामा रमाउन देशका विभिन्न जिल्लाबाट आएका आन्तरिक पर्यटकका कारण झरनामा भीड बढेको हो। मुस्ताङ भ्रमणमा आउने प्रायः सबै पर्यटकले रुप्से झरनामा समय बिताउने गरेका छन्। मोटरसाइकल र निजी सवारी तथा भाडाका सवारीसाधन हुँदै मुस्ताङ आउनेजाने पर्यटकको रोजाइमा रुप्से झरना पर्ने गरेको छ। गत वर्ष आएको भीषण बाढी र पहिराले रुप्से झरना नजिकका पर्यटकीय पूर्वाधार बगाएको थियो। अग्लो पहाडबाट खस्ने यस झरनामा पर्यटकले तस्वीर खिचाउने र टिकटक बनाउने गरेका छन्।

पूर्वाधार निर्माणसँगै चिटिक्क परेको रुप्से झरनालाई गत वर्ष बाढीले क्षति पुर्‍याएको भए पनि कोरोना सङ्क्रमणको जोखिम कम हुँदै गएपछि रुप्सेमा रमाउन आएका पर्यटकका कारण रुप्से झरना पुनः पुरानै लयमा फर्किएको हो। विश्वको सबैभन्दा गहिरो अन्धगल्छी र मनमोहक रुप्से झरना एकै स्थानमा अवस्थित छन्। रुप्से झरना र अन्धगल्छी उच्च पर्यटकीय सम्भावना भए पनि यसबाट स्थानीयवासीले उचित लाभ लिन भने सकिराखेका छैनन्।

पर्यटकलाई निःशुल्क अवलोकन गर्न दिइँदा लाभ लिन नसकेको स्थानीयवासीले बताएका छन्। झरनामा रमाउनका लागि आएका पर्यटक सडकमै गाडी रोकेर झरनाको अवलोकनमा मुग्ध बनेपछि सडकसमेत अवरुद्ध हुने गरेको छ। रुप्से झरना र अन्धगल्छीसम्म पुग्न व्यवस्थित पदमार्ग र अवलोकनका लागि भ्यूटावरका साथै अवलोकनकर्ताका लागि उचित बास र शौचालयसमेत व्यवस्था हुनुपर्ने पर्यटकको माग छ।

विसं १९७५ मा ७५ पैसाको हुलाकी टिकटमा रुप्से झरनाको फोटो टाँसिए पनि अहिले उक्त टिकट प्रचलनमा छैन। साविकको दाना गाविसले झरना र अन्धगल्छीको मुख्य भागसम्म पुग्ने पदमार्ग तथा भ्यूटावर निर्माण गरेको छ। अन्नपूर्ण गाउँपालिका प्रमुख डमबहादुर पुनले आधारभूत आवश्यकताको पूर्वाधार विकासमा गाउँपालिकाले प्राथमिकताका साथ बजेट विनियोजन गर्ने जानकारी दिनुभयो। झरनामा कान्छा भूमेदेवताको बासस्थान रहेको विश्वासले हरेक वर्षको जेठ महिनामा स्थानीयवासीले बोको बलि चढाउने गर्छन्। झरनालाई धार्मिक दृष्टिकोणले समेत पर्यटकीय गन्तव्य बनाउन सकिने सम्भावना देखिएको छ।

# नेपाली राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अल्मुताइरीलाई सम्मान

**रासस**
**काठमाडौं, १४ कार्तिक**

सरकारले नेपाली राष्ट्रिय फुटबल टिमका मुख्य प्रशिक्षक अब्दुल्हा अल्मुताइरीलाई सम्मान गरेको छ।

युवा तथा खेलकुदमन्त्री महेश्वरराज गहतराजले मन्त्रालयमाआयोजितसमारोहमा उहाँलाई नेपाली टोपी र खाँदा लगाएर सम्मान गर्नुभएको हो।

आल्मुताइरीको मुख्य प्रशिक्षणमा माल्दिभ्स्मा असोज १५ देखि ३० गतेसम्म भएको साफ फुटबल च्याम्पियनसिपमा नेपाल उपविजेता भएको थियो। नेपाललाई पहिलो पटक साफ फुटवल च्याम्पियनसिपमा उपविजेतासम्म पुर्‍याउन उल्लेखनीय योगदान दिएवापत युवा तथा खेलकुद मन्त्रालयले योगदानको कदर गर्दै सम्मान गरेको हो।

उक्त प्रतियोगितामा नेपालसहित, माल्दिभ्स, भारत, श्रीलङ्का र बङ्गलादेशले भाग लिएका थिए। भारतसँग ३-० ले पराजित भई नेपाल उपविजेता बनेको थियो। सम्मान समारोहमा मन्त्री गहतराजले छोटो समयमै प्रशिक्षक अल्मुताइरी फुटबल खेलाडी मात्र नभएर सम्पूर्ण नेपालीको हृदयमा बस्न सफल भएको भनी योगदानको सराहना गर्नुभयो।उहाँले भन्नुभयो, "नेपाल फर्किएकामा खुशी लागेको छ, तपाईँ खेलाडीका लागि मात्र होइन, नेपालकै असल मित्र हुनुहुन्छ, सरकारले खेल क्षेत्रका समस्या बुझेको छ, सम्बोधन गर्न तयार छ।" अल्मुताइरीको नेतृत्वमा नेपाली फुटबलको विकास र विस्तारमा थप महत्वपूर्ण योगदान हुने विश्वास व्यक्त गर्दै मन्त्री गहतराजले भन्नुभयो, "मन्त्रालय तपाईको साथमा छ, तपाई खेलाडीका साथमा हुनुहुन्छ।"

युवा तथा खेलकुद मन्त्रालयका कामु सचिव डा कमल पोखरेलले प्रशिक्षक र खेलाडीको निरन्तरको अभ्यास एवं ठूलो मेहनतबाट नेपालले सकारात्मक नतिजा प्राप्त गर्न सफल भएको बताउनुभयो।

सम्मानित व्यक्तित्व मुख्य प्रशिक्षक अल्मुताइरीले समग्र खेलाडी र आफ्नो कडा परिश्रमबाट नेपालले फुटबलमा उच्चस्तरको नतिजा हासिल गरेको प्रतिक्रिया दिनुभयो।

# पूर्वाधार निर्माणमा जोड दिँदै बन्दीपुर

**-कृष्ण न्यौपाने**
**दमौली, १४ कार्तिक**

तनहुँको बन्दीपुर गाउँपालिकाले पूर्वाधार निर्माणलाई जोड दिएको छ।

स्थानीय तहमा जनप्रतिनिधि आएपछि गाउँपालिकाले वडा र स्वास्थ्य कार्यालयका भवन निर्माणलाई तीव्रता दिएको हो। जनप्रतिनिधि निर्वाचित भएर आएपछि तीनवटा भवन निर्माण सुरु गरिएकामा दुईवटा भवन निर्माण सम्पन्न भएको छ भने एउटा निर्माणाधीन अवस्थामा छ।

बन्दीपुर गाउँपालिका-१ को वडा कार्यालय भवन केही समयअगाडि मात्रै सम्पन्न भएको हो। रु एक करोडको लागतमा भवन निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो। उहाँका अनुसार वडा नं ३ को कार्यालय पनि सम्पन्न भएर उद्घाटनको तयारीमा रहेको छ। वडा नं २ को कार्यालय भवन भने निर्माणमा केही ढिलाइ भएको छ। "ठेकेदारको लापरबाहीका कारण वडा नं २ को भवन निर्माणमा ढिलाइ भइरहेको छ," उहाँले भन्नुभयो, "छिटो भवन निर्माण गर्न दबाब दिइरहेका छौं।"

वडा नं ५ को वडा कार्यालय विद्यालय भवनमा र ६ को पुरानै गाविस भवन मर्मत गरेर सञ्चालन भइरहेको छ। वडा नं ४ को कार्यालय खड्गदेवी मन्दिरका आडमा रहेको पुरानो विद्यालय भवनमा सञ्चालन भइरहेको छ। वडा नं ४ को भवन निर्माणका लागि जग्गा नपाइएको थापाले बताउनुभयो। "जग्गा नपाएका कारण उक्त वडाको भवन निर्माण गर्न सकिरहेका छैनौं, गाउँपालिकाकै नजिक रहेको एक पुरानो भवनमा वडा कार्यालय सञ्चालित छ," उहाँले भन्नुभयो।

वडा कार्यालय भवन निर्माणसँगै गाउँपालिकाले वडा कार्यालयसम्म पुग्ने बाटो कालोपत्रसमेत गर्न थालेको छ। सोही बमोजिम वडा नं १ को कार्यालयसम्म पुग्ने बाटो कालोपत्रका लागि ग्राभेल सकिएको छ। वडा नं २ को कार्यालयसम्म पुग्ने बाटो भने कालोपत्र सम्पन्न भइसकेको छ भने ३ को कार्यालयसम्म पुग्ने बाटो सम्याउने काम भइरहेको छ। ४ को भवन गाउँपालिका भवनसम्म कालोपत्र भइसकेको छ भने ६ मा वडा कार्यालयतर्फबाट कालोपत्र गरिएको छ। "आफ्नै कार्यालयबाट सेवा प्रवाह गर्ने उद्देश्यसहित वडा कार्यालय भवन निर्माणलाई प्राथमिकता दिएका छौं," अध्यक्ष थापाले भन्नुभयो, "त्यसले सहज रूपमा सेवा प्रवाह गर्न पनि सहयोग पुग्छ।"

वडा नं १ को वडा कार्यालय भवनको केही समयअघि मात्रै उद्घाटन गरिएको छ। वडा कार्यालयको भवन निर्माणका लागि बन्दीपुर गाउँपालिका-१ का कृष्णराज अधिकारीले आठ आना, कास्कीको घान्द्रुकका कुलप्रसाद गुरुङले आठ आना, बन्दीपुर गाउँपालिका-१ का सुनिल अधिकारीले तीन आना, पोखराका हेमबहादुर थापा, पूर्णकुमारी बराल, मोहनकुमारी कटुवाल र मानबहादुर थापाले संयुक्त रूपमा आठ आना जग्गा भवन निर्माणका लागि दान दिनुभएको थियो।

गाउँपालिकाले स्वास्थ्य संस्थाको भवन निर्माणलाई समेत प्राथमिकता दिएको छ। सोही बमोजिम वडा नं १ र ३ मा स्वास्थ्य केन्द्रको भवन निर्माणाधीन अवस्थामा रहेको छ। असोजभित्र भवन निर्माण सम्पन्न हुने थापाले बताउनुभयो। वडा नं २ को भवनको केही दिनअघि उद्घाटन भइसकेको छ। वडा नं ५ को भवन निर्माण सम्पन्न भएर उद्घाटन गरिएको छ भने ६ को पुरानै भवनबाट सेवा प्रवाह भइरहेको छ। वडा नं ४ मा भने बन्दीपुर अस्पताल रहेकाले थप स्वास्थ्य संस्थाको भवन निर्माण गरिएको छैन। वडा नं ५ स्थित कल्चोक स्वास्थ्य केन्द्रको भवन रु ३८ लाखमा सम्पन्न भएको हो। भवन निर्माणका लागि सङ्घीय सरकारले बजेट उपलब्ध गराएको थियो। स्थानीयवासीले उपलब्ध गराएको जग्गामा भवन निर्माण गरिएको वडाध्यक्ष ध्रुवप्रसाद लामिछानेले जानकारी दिनुभयो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**


## शिक्षक आवश्यकता

यस विद्यालय व्यवस्थापन समितिको मिति २०७८/०७/१२ गतेको निर्णय र माछापुच्छ्रे गाउँपालिकाको च.न. ५५८ मिति २०७८/०७/१४ गतेको प्राप्त पत्र अनुसार यस विद्यालयको प्रा तह तृतीय श्रेणीको रिक्त दरबन्दीमा करार शिक्षक पदपूर्तिको लागि २०७८/०७/१५ गते देखि २०७८/०७/३० गते सम्म योग्यता पुगेको नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**तहः आधारभूत तह, तृतीय श्रेणी** **संख्याः १ जना**

**योग्यता– न्यूनतम कक्षा १२ पास वा सो सरह**

**आवश्यक कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
- हस्तलिखित निवेदन १ थान

साथै हाल सालै खिचेको पासपोर्ट साइजको फोटो १ थान

दरखास्त दिने मितिः २०७८/०७/१५ देखि २०७८/०७/३० गतेसम्म

निवेदन दस्तुरः रु १०००।– (एक हजार मात्र)

परीक्षाको किसिमः लिखित तथा अन्तवार्ता

निवेदन दिने स्थानः श्री जनजागरण नमूना सामुदायिक विद्यालय माछापुच्छ्रे गाउँपालिका–३, घाचोक, कास्की।

कक्षा–८ सम्म अंग्रेजी माध्यममा विज्ञान र गणित विषय पढाउन सक्नेलाई विशेष ग्रहयता दिइने छ।

सम्पर्क नं.: ९८४५५२२८५७, ९८५७६२१६१२

**श्री जनजागरण नमूना सामुदायिक विद्यालय**
**माछापुच्छ्रे गाउँपालिका-३, घाचोक, कास्की**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१

# ठाडाखानीको आयस्रोत आलु र भेडापालन

पोखरापत्र संवाददाता
गलेश्वर, १४ कार्तिक

खनिज र वनस्पतिका स्रोत प्रशस्तै रहेको रघुगङ्गा गाउँपालिका-६ को ठाडाखानीमा ती स्रोतको सदुपयोग हुन नसकेपछि स्थानीयवासीले कृषि र पशुपालनलाई नै आयस्रोतको माध्यम बनाएका छन् ।

तामाखानी र जडिबुटीको प्रशस्तै सम्भावना रहेको ठाडाखानीमा खानी उत्खनन र जडीबुटी सङ्कलनको अनुमति नहुँदा आम्दानीका लागि स्थानीवासीले कृषितर्फ आलुखेती र पशुपालनतर्फ भेडापालन गरेर जीविका चलाइरहेका हुन् ।

छन्त्याल र दलित समुदायका गरी ९० घरधुरीको बसोबास रहेको ठाडाखानीमा ३७ घरपरिवारले व्यावसायिक भेडापालन गरेको मालिका भेडापालन समूहका नरेश छन्त्यालले बताउनुभयो । गाउँमा हाल दुई हजार १०० भेडा रहेका छन् । एक जनाले १५ देखि १०० सम्म भेडा पालेका छन्त्याललले बताउनुभयो ।

उहाँका अनुसार गाउँबाट वर्षमा तीन सय भन्दा बढी भेडा बिक्री हुने गरेको छ । एउटा भेडालाई रु दश देखि २३ हजारसम्ममा बिक्री गर्न सकिने छन्त्यालले बताउनुभयो । उहाँका अनुसार भेडा बिक्री गरेर ठाडाखानीमा वार्षिक रु तीस लाख भन्दा बढी भित्रिने गरेको छ। उच्च पहाडी क्षेत्रमा अवस्थित ठाडाखानीको नजिकै प्रशस्त जङ्गल रहेकाले भेडाका लागि चरनको समस्या छैन ।

चिसो हावापानीमा हुर्केएका भेडाको मासु स्वादिलो र स्वस्थकर हुने भएकाले ग्राहक गाउँमै पुग्ने गरेका छन् । म्याग्दी र पर्वतका विभिन्न ठाउँबाट बलि चढाउन भेडा किन्न सर्वसाधारण ठाडाखानी पुग्छन् । बिम, दरवाङ र पाखापानीको सिमानामा पर्ने धार्मिकस्थल मालीकामा बलि चढाउनेले समेत ठाडाखानीबाटै भेडाको साँढ किन्ने गरेका छन् ।

उनीहरूले घरकै खोरमा भेडा पाल्ने गरेका छन् । धेरैजसो ठाउँमा जङ्गलमै भेडाको गोठ राख्ने चलन छ । छोराछोरी पढाउन र घरखर्च चलाउनका लागि भेडापालन सहयोगी बनेको स्थानीय टेकजीत छन्त्यालले बताउनुभयो । भेडापालनपछि यहाँका बासिन्दाले आलु बिक्री गरेर मनग्गे आम्दानी गर्दै आएका छन् ।

स्थानीय किसान हिमाली छन्त्यालका अनुसार आलु बिक्री गरेर यहाँका बासिन्दाले वार्षिक रु दुई करोडभन्दा बढी आम्दानी गर्दै आएका छन् । पूर्वतर्फ फर्केको भिरालो जमिनमा हिउँदे र बर्खे गरी दुई सिजनमा आलु लगाउने गरिएको किसान छन्त्यालले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँको ४५ हेक्टर भन्दा बढी जमिनमा व्यावसायिक आलुखेती हुने गरेको छ ।

किसानमा व्यावसायिक ज्ञान, सीप तथा प्रविधिमा पहुँच नहुँदा भेडापालन र आलुखेती व्यवस्थित बन्न भने नसकेको स्थानीय बासिन्दा खेमबहादुर विकले बताउनुभयो । आन्तरिक तथा बाह्य परजीवी विरुद्धको औषधि, घाँस, ऊन काट्ने कैची, खोर व्यवस्थापन, डिपिङ टङ्की र तालीमको आवश्यकता रहेको उहाँले बताउनुभयो ।

# कर्मशिल सहकारीको अध्यक्षमा संगिता गौतम तिमिल्सिना

पोखरापत्र संवाददाता
पोखरा, १४ कार्तिक



कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नवौं साधारण सभा तथा चौथो अधिवेशनले संगिता गौतम तिमिल्सिनाको अध्यक्षतामा नयाँ कार्यसमिति समिति चयन गरेको छ।

समितिको वरिष्ठ उपाध्यक्षमा विजय अधिकारी, महिला उपाध्यक्षमा विष्णुमाया गुरुङ, सचिवमा तोरण बहादुर बानियाँ, कोषाध्यक्षमा चन्द्र बहादुर गुरुङ, सह सचिवमा ज्ञान प्रसाद अर्याल रहेका छन् । यसैगरी सदस्यमा तिर्थ कुमारी गुरुङ, उर्मिला खड्का भण्डारी, गोविन्द प्रसाद गौतम, सुमन उपाध्याय गौतम र राम बहादुर खत्री निर्वाचित हुनुभएको छ । संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजकमा शिवहरि तिमिल्सिना, सदस्यमा घनश्याम तिवारी र राजकुमार लामिछाने रहेका छन् । कार्यक्रमको निर्वाचन संयोजकमा देविलाल शर्मा तिमिल्सिना र सदस्यहरूमा त्रिपुरेश्वर राज त्रिपाठी र भुवन पराजुली रहनुभएको थियो ।

यसअघि वार्षिक साधारणसभा कार्यक्रमको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभाग काठमाडौंका रजिष्ट्रार भक्तराम अधिकारीले गर्नुभएको थियो । उहाँले संघीय कानुन सबैले मान्नुपर्छ, सहकारी मान्यता सिद्धान्त पालना गर्दै सहकारीलाई उत्पादनसँग जोडिनुपर्ने बताउनुभयो । उहाँले सहकारीलाई नियमगन गर्ने निकाय बलियो हुनुपर्ने यसलाई व्यवस्थित गरिनुपर्नेमा बताउनुभयो। कार्यक्रममा विशेष अतिथिको मन्तव्य राख्दै जिल्ला सहकारी संघका अध्यक्ष सावित्रा कोइरालाले सहकारी संस्थाले अबका दिनमा दोहोरो सदस्यताका बारेमा सदस्यलाई बुझाउनुपर्ने अवस्था आएको भन्ने कुरामा जोड दिनुभयो । कार्यक्रममा सदस्यका तर्फबाट महेश्वर ढकाल , सल्लाहकार शिवहरी शर्मा, लेखासमिति संयोजक देविलाल शर्मा लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

साधारण सभामा संस्थाको आ.व ०७७/०७८ का गतिविधि सहितको सचिवको प्रतिवेदन, आर्थिक गतिविधि र भावी बजेट र कार्यक्रम सहितको कोषाध्यक्षको प्रतिवेदन, ऋण लगानी उप समितिको प्रतिवेदन तथा नीति निर्माण कार्यान्वयन उपसमितिको प्रतिवेदन छलफल सहित सर्वसम्मत रुपमा पारित गरिएको थियो । संस्थाको आर्थिक चित्रण सहित हालको अवस्थाको बारेमा लेखा सुपरिवेक्षण समितिका संयोजक देविलाल शर्मा तिमिल्सिनाले प्रस्ट पार्नु भएको थियो । संस्थाले आ.व ०७७/०७८ मा उत्कृष्ट बचत गर्ने शुशिल पौडेल, शकुन्तला पन्त खड्का र भगवती के.सी साथै असल कर्जा कारोबार गर्ने गणेश भण्डारी, ईश्वर गुरुङ र कृष्ण कुमारी परियारलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा उत्कृष्ट कर्मचारी सम्मानबाट पवित्रा गौतमलाई सम्मान गरिएको थियो भने सहकारीका ज्येष्ठ सदस्यद्धय नितलाल अधिकारी र शालिकग्राम शर्मालाई समेत कर्मशिल साहाराको रुपमा सम्मान गरिएको कार्यक्रम सहकारीका अध्यक्ष ध्रुव कुवँरको अध्यक्षतामा भएको थियो। उपाध्यक्ष संगिता गौतम तिमिल्सिनाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको संचालन सचिव विजय अधिकारीले गर्नुभएको जानकारी संस्थाका प्रबन्धक देवेन्द्र धितालले गराउनुभयो ।

# कोरोनाले कालीगण्डकीमा र्‍याफ्टिङ ठप्प

– लक्ष्मीप्रसाद सापकोटा
पर्वत, १४ कार्तिक

कोरोना सङ्क्रमणका कारण दुई वर्षदेखि कालीगण्डकी नदीमा जलयात्रा (र्‍याफ्टिङ) ठप्प भएको छ । हरेक वर्षको वर्षायामपछि नदीमा वहाब घटेसँगै सुरु हुने जलयात्रा विगत दुई वर्षदेखि ठप्प भएको हो ।

यो जलयात्राको पहिलो याम हो भने अर्को याम फागुदेखि जेठसम्म हुने गर्दछ । कोरोना सङ्क्रमणका कारण विदेशी पर्यटक नआउँदा जलयात्रा ठप्प जस्तै बनेको पर्यटन व्यवसायीले बताएका छन् । कालीगण्डकीमा अङ्ग्रेजी महिनाको सेप्टेम्बर दोस्रो साताहेखि नोभेम्बरको मध्यसम्म जलयात्रा सञ्चालन हुने भए पनि गतवर्ष र यसवर्ष जलयात्रा (र्‍याफ्टिङ)का लागि पर्यटक नआएको कालीगण्डकी र्‍याफ्टिङ कम्पनीका सञ्चालक होम पुनले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत वर्षका दुवै याम र यस वर्षको पहिलो याममा जलयात्राका लागि आउने पर्यटकको सङ्ख्या शून्यजस्तै भएको छ। अहिले केही आन्तरिक पर्यटकले जलयात्रा गर्नका लागि बुकिङ गरे पनि एक/दुई दिनका लागि मात्र भएको उहाँको भनाइ छ । विदेशी पर्यटक नेपाल भित्रिन नसकेकाले जलयात्रा ठप्प जस्तै बेनेको उहाँको भनाइ छ। कोरोना सङ्क्रमण न्यूनीकरण हुँदै गएको र अधिकाशं मुलुकमा खोपसमेत विस्तार भइसकेकाले यस वर्ष जलयात्राका लागि आउने पर्यटकको सङ्ख्या बढ्ने अपेक्षा गरिए पनि कुनै देशका पर्यटक नआएको पुनले बताउनुभयो ।

सलोन र्‍याफ्टिङ एण्ड ट्रेकिङ एक्सपिडेसन कम्पनी काठमाडौँका प्रबन्ध निर्देशक देव रेग्मीले विदेशबाट जम्मा ५/७ प्रतिशत मात्र पर्यटक भित्रिएकाले र्‍याफ्टिङ व्यवसाय चौपट बनेको बताउनुभयो । पछिल्लो समय भित्रिएका पर्यटकमध्ये अधिकांस ट्रेकिङमा रहेको र उनीहरू काठमाडौँ फर्किसकेपछि र्‍याफ्टिङको एउटा प्याकेज बनाउने तयारीमा रहेको उहाँले जानकारी दिनुभयो ।

विगत दुई वर्षअघि लामोसमय वर्षा भएकाले एक/दुई साता मात्र जलयात्राका प्याकेज सञ्चालन भएका थिए, अहिले कोरोनाले ठप्प जस्तै बनेको उहाँको भनाइ छ । पर्यटकको सङ्ख्या वृद्धि नभएसम्म कोरोना अघिको जस्तो जलयात्रामा पर्यटकको आकर्षण बढाउन मुस्किल हुने रेग्मीले जानकारी दिनुभयो ।

छोटो र पारिवारिक जलयात्राका लागि कालीगण्डकी नदीमा जलयात्रा गर्न आउने पर्यटक प्रत्येक वर्ष बढ्दै गएका थिए । एक सिजनमा कम्तीमा पनि दुईदेखि तीन हजार पर्यटकले जलयात्रा गर्दै आएका थिए । कोरोनाले अग्रिम बुकिङ गर्ने, र्‍याफ्टिङ र ट्रेकिङ दुवैमा जाने पर्यटक शून्य जस्तै भएका छन् । रेग्मीले भन्नुभयो, "कालीगण्डकी नदीमा १० भन्दा धेरै कम्पनीले र्‍याफ्टिङ सञ्चालन गर्दै आएका थिए ।"

कुश्मा नगरपालिका- १ पाडस्थित नयाँ पुल तथा मालढुङ्गादेखि सुरु हुने र्‍याफ्टिङ स्याङ्जा, पर्वत र गुल्मी जिल्लाको सिमानामा रहेको कालीगण्डकी 'ए' जलविद्युत् परियाजनाको जलाशयमा पुगेर टुङगिन्छ । तीन दिन लाग्ने सो जलयात्रा पर्यटकका लागि निकै आकर्षक गन्तव्यका रूपमा रहेको छ । कालीगण्डकी नदीमा पानीको छाल, मनोरम दृश्य, झरना, विभिन्न वनस्पति, जलचरको अवलोकन, प्रदूषणरहित हावापानीबाट पर्यटक आकर्षित हुने गर्दछन् । यहाँ धेरै इजरायलीपर्यटक आउने गरेका छन् भने अस्ट्रेलिया, युरोपियनमूलुक र अमेरिकी पर्यटकको रोजाईमा पनि कालीगण्डकी नदी पर्दै आएको छ ।

नयाँ पुल-मोदीवेणी खण्डमा पहिलो दिनको यात्रा बनाएर जाने साथै दोस्रो दिनमा पर्वतकै विहादी गाउँपालिकास्थित बर्राचौरको पूर्तिघाट नजिक बस्ने र तेस्रो दिनमा मिर्मी हुँदै पोखरा जाने गरी पर्यटक यात्रा तय गर्ने गर्दछन् । यात्राको क्रममा बस्ने ठाउँमा भौतिक संरचनाको विकास गर्न र कुस्माको आर्मादी नजिकै खोलाको बिचमा रहेका ठूला ढुङ्गा नहटाउँदा समस्या आउने गरेको पर्यटक गाईड नवीन केसीले बताउनुभयो। जलयात्राका लागि विदेशी र स्वदेशी पर्यटकका लागि छुट्टाछुट्टै शुल्क निर्धारण गरिएको छ ।

# टर्कीपालनबाट मासिक डेढ लाख आम्दानी

–अच्युत रेग्मी
गोरखा, १४ कार्तिक (रासस)



गोरखाको पालुङटारमा टर्कीपालन गरेर एक युवाले मनग्य आम्दानी गरेका छन् । विगत १३ वर्ष साउदी अरबको अल्मराई कम्पनीमा कामगर्नुभएकापालुङटार नगरपालिका-४ का ४० वर्षीय जीवमनि लुइँटेलले विसं २०७६ मा नेपाल फर्केसँगै टर्कीपालन सुरुआत गर्नुभएको हो ।

सो कम्पनीमा नौ हजार ५०० रियल अर्थात् नेपाली झण्डै रु तीन लाख मासिक कमाई गर्दै आउनुभएका उहाँले विसं २०७७ वैशाखदेखि पालुङटारस्थित आफ्नै घरमा आएर टर्कीपालन व्यवसाय सुरु गर्नुभएको हो । "मैले अल्मराई कम्पनीमा सँगै कार्यरत साथी मिठु सार्कीलाई भेरहवामा भेट्न जाँदा सार्कीको घरनजिक टर्कीपालन गरेको देखें, त्यहाँ टर्कीपालन गरेको देखेर मैले पनि केही गर्नुपर्छ भनेर त्यहाँको अनुभवलाई पालुङटारमा ल्याएर प्रयोग गरें", उहाँले भन्नुभयो । सुरुआती चरणमा रु ७० लाख लगानी गरेर टर्कीपालन सुरु गरेका लुइँटेलले अहिले मासिक रु एक लाख ५० हजार आम्दानी गर्दै आउनुभएको छ। उहाँले एकपटकमा एक हजार टर्कीपालन गर्नसक्ने गरी खोर निर्माण गर्नुभएको छ । केही समय पहिले ९०० टर्कीपालन गर्नुभएका लुइँटेलसँग हाल ३०० टर्की रहेका छन् । लुइँटेलले पालन गर्नुभएको टर्की बिक्रीका लागि मुख्य बजार भने काठमाडौँ हो। यसका अलावा चितवन, पोखरा र स्थानीय पालुङटारमा पनि टर्कीको मासु खपत हुँदै आएको छ । "हप्तामा ५० किलो काठमाडौँ, २० किलो पोखरा र २५ किलो चितवनको नारायणगढ बजारमा टर्की बिक्री हुँदै आएको छ", उहाँले भन्नुभयो ।

डेढ वर्षदेखि टर्कीपालन गर्दै आउनुभएका उहाँले एउटा टर्की १५ किलोसम्म बनाउनुभएको छ । उहाँले टर्कीको मासु एक किलोको रु एक हजारमा बिक्री वितरण गर्दै आएको बताउनुभयो । टर्कीपालनका सिलसिलामा लुइँटेलले तीन जनालाई रोजगारीसमेत प्रदान गर्नुभएको छ। टर्कीका लागि मुख्य आहार भनेको दाना नै हो ।

श्रीमती ज्ञानु लुइँटेललाई समेत शिक्षकको जागिरबाट अलग गरी व्यवसायमा लगाउनुभएका जीवमनिले हाल आफैँ गाडी किनेर टर्कीको मासु काठमाडौँ, पोखरा, नारायणगढसम्म पुऱ्याउँदै आउनुभएको छ । "परिवारसँगै घरमा बसेर आफ्नै जन्मथलोमा पौरख गरेर यती कमाएकामा मलाई पूर्णरूपमा आत्मासन्तुष्टि मिलेको छ", उहाँले भन्नुभयो ।

टर्कीपालनबाटै उहाँले दुई छोराछोरीलाई उच्च माध्यामिक तहसम्मको शिक्षा प्रदान गराउनुभएको छ । उहाँका छोराछोरीमध्ये हाल एक छोरी अमरज्योति जनता माध्यामिक विद्यालय लुइँटेलमा कक्षा १२ मा विज्ञान विषय लिएर अध्ययनरत हुनुहुन्छ भने अर्की छोरी गोरखा पोलिटेक्निकलमा प्राविधिक शिक्षा अध्ययनरत हुनुहुन्छ । आगामी दिनमा उहाँले आफ्नो व्यवसायलाई झन् राम्रो बनाउँदै लैजाने रासससलाई जानकारी दिनुभयो ।

# आँखा शिविरबाट ज्येष्ठ नागरिक लाभान्वित

पोखरापत्र संवाददाता
तनहुँ, १४ कार्तिक

तनहुँको व्यास नगरपालिकाले आयोजना गरेको निःशुल्क आँखा शिविरबाट करिब नौ सय ज्येष्ठ नागरिक लाभान्वित भएका छन् । तीन दिनसम्म आयोजित शिविरबाट नगर क्षेत्रभित्र बसोबास गर्ने आठ सय ८४ ज्येष्ठ नागरिक लाभान्वित भएका छन् ।

नगरपालिकाले बिहीबारदेखि शनिबारसम्म दमौलीस्थित बाल मन्दिर माध्यमिक विद्यालयमा हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोगमा आँखा शिविर आयोजना गरेको थियो । शिविरमा चार सय ५९ महिला र चार सय २५ पुरुषको आँखा परीक्षण गरिएको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो ।

व्यास नगरपालिका-१ का ४५ महिला र ३६ पुरुष, व्यास नगरपालिका-२ का एक सय १३ महिला र ८९ पुरुष, व्यास नगरपालिका-३ का ४४ महिला र ३५ पुरुष, व्यास नगरपालिका-४ का ४५ महिला र ३४ पुरुष, व्यास नगरपालिका-५ का २८ महिला र २५ पुरुष, व्यास नगरपालिका-६ का २६ महिला र २९ पुरुष, व्यास नगरपालिका-७ का आठ महिला र चार पुरुषको आँखा परीक्षण गरिएको छ । यसैगरी व्यास नगरपालिका-८ का सात महिला र २९ पुरुष, व्यास नगरपालिका-९ का ३३ महिला र १९ पुरुष, व्यास नगरपालिका-१० का २० महिला र २९ पुरुष, व्यास नगरपालिका-११ का २४ महिला र २२ पुरुष, व्यास नगरपालिका-१२ का २५ महिला र २६ पुरुष, व्यास नगरपालिका-१३ का २९ महिला र ३१ पुरुष, व्यास नगरपालिका-१४ का १६ महिला र १७ पुरुषले आँखा परीक्षण गराएको नगरपालिकाले जनाएको छ । त्यसमध्ये २१ महिला र २१ पुरुष गरी ४२ जनामा मोतियाविन्दु देखिएकाले उनीहरूको नगरपालिकाले नै निःशुल्क शल्यक्रिया गराइदिने प्रमुख प्रशासकीय अधिकृत सिग्देलले बताउनुभयो । शिविरमा हिमालय आँखा अस्पतालका डा धर्मेन्द्र घोरासैनी नेतृत्वको टोलीले ज्येष्ठ नागरिकको आँखा परीक्षण गरेको थियो । उमेर ढल्किँदै जाँदा आँखासम्बन्धी समस्याका कारण कठिनाइ भोग्न नपरोस् भन्ने उद्देश्यले सबै वडा समेटिने गरी शिविर सञ्चालन गरिएको सिग्देलले बताउनुभयो । "ढल्किँदो उमेरसँगै आँखाको ज्योति कमजोर हुन्छ । ज्येष्ठ नागरिकका सामान्य दैनिकी समेत प्रभावित हुने हुँदा शिविर आयोजना गरेका हौं," उहाँले भन्नुभयो, "शिविर प्रभावकारी भएको ठहर गरेका छौं ।"

# मुलुकको समग्र पक्षलाई जनगणनामा समेटनुर्नेमा जोड

रासस
काठमाडौं १४ कार्तिक

वैदेशिक रोजगारीका लागि हाल १७२ देशमा नेपाली पुगेको पाइएको छ।

सरकारले विभिन्न ११० मुलुकमा जान अनुमति दिएको भए पनि अवैध तरीकाबाट प्रतिबन्धित देशमा नेपाली कामदार पुगेका हुन् । रोटरी क्लब अफ काठमाडौँ वेस्टले आज यहाँ आयोजना गरेको 'जनगणनासम्बन्धी सचेतना कार्यक्रम' मा लैङ्गिक समानता तथा समावेशीकरणविद् सरु जोशीले गैरकानूनी रूपमा विदेश पुगेका नेपालीलाई पनि जनगणनामा छुटाउन नहुने बताउनुभयो ।

मुलुकको पुनः संरचनापछि हुनलागेको जनगणनामा सत्यतथ्यसहितको सूचना उपलब्ध गराउन सरकारी तथा गैरसरकारी सङ्घ-संस्थावीच आपसी समन्वय नभएमा तथ्याङ्क हराउनसक्ने बताउँदै अधिकारकर्मी जोशीले गैरसरकारी सङ्घ-संस्थाले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

समाजवादी प्रेस सङ्गठनका संयोजक शम्भु श्रेष्ठले गणनामा मुलुकमा भएका सबै पक्षको सही सूचना प्राप्त हुनसकेमा त्यसका आधारमा राष्ट्र निर्माणमा नीति नियम तर्जुमा गर्न सहयोग पुग्नेमा जोड दिनुभयो ।

रोजगारीका सिलसिलामा भारतमा गएका नेपालीको सही तथ्याङ्क प्राप्त हुन नसकेकाले त्यसलाई कसरी गणनामा समावेश गर्ने, आत्महत्या गर्ने समूह र दुर्घटनामा परेकाको तथ्याङ्क पनि गणनामा छुटाउन नहुने सुझाव सहभागीले दिएका थिए ।

# व्यवसायी किसान संगठित

पोखरापत्र संवाददाता
बागलुङ, १४ कार्तिक

बागलुङका बीउ व्यवसायी किसानको भेलाले निर्मला जिसी पन्तको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति गठन गरेको छ।

सङ्घको उपाध्यक्षमा बाबुराम शर्मा, सचिवमा कृष्णप्रसाद गौतम र कोषाध्यक्षमा गङ्गाराना मगर तथा सदस्यहरूमा टोपबहादुर खड्का, डिल्लीप्रसाद गौतम दिलबहादुर कुमाल, गोमा थापा बुढा, प्रेमबहादुर क्षेत्री नारायणबहादुर खत्री र रविन खड्का चयन हुनुभएको छ । भेला शुभारम्भ गर्दै कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले बिउ उत्पादन गर्ने किसानलाई ५० प्रतिशत अनुदानको व्यवस्था रहेको बताउनुभयो । कृषिबाट प्रदान हुने सेवा सुविधा सबै किसानले पाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।